# आ.व. २०७८/०७९ को बजेट

# वक्तव्य

**सभाका सदस्य ज्यूहरु,**

कावासोती नगरपालिकाको नगरप्रमुख श्री चन्द्र कुमारी पुन ज्यूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै यस सम्मानित सभामा आर्थिक वर्ष ०७८/७९ को बजेट पेश चाहन्छु ।

नेपाली जनताको विरतापूर्ण संघर्षको ईतिहास सँगै लोकतान्त्रिक आन्दोलन मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गरि यहाँ सम्म ल्याई पुर्याउन जीवन वलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

मानव इतिहासकै सबैभन्दा ठूलो जैविक संकटको रुपमा कोरोना भाइरस विश्वव्यापी रुपमा फैलिएको छ । उक्त कारणबाट दिवंगत हुनुहुने प्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दै उपचारमा रहनुभएका सम्पूर्ण आमा बुवा दिदी बहिनी एवं दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्न चाहन्छु ।

नेपालको संविधानले परिकल्पना गरेअनुसार तीन तहको सरकारमध्य कावासोती नगरपालिका पनि एक स्थानीय सरकार हो । समृद्ध नेपाल सुखी नेपाली भन्ने मान्यतालाई आत्मसात गर्दै विकासको गन्तव्यतर्फ हामी बलियो पाईलाका साथ अघि बढीरहेका छौं ।

आगामि आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश सरकारको नीति तथा बार्षिक विकास कार्यक्रम, कावासोती नगरपालिकाको नीति तथा कार्यक्रम, आर्थिक तथा विनियोजन विधेयक दीगो विकास लक्ष्य, कार्यपालिका तथा नगरसभा सदस्यहरुको सुझाव, विषयगत समिति तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा भएको छलफल र निर्णयहरुलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

अब म आगामि आर्थिक वर्ष ०७८/७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

**बजेटका उद्देश्यहरुः**

- सँस्थागत सबलीकरण मार्फत सुशासन प्रवर्धन गर्नु
- पूर्वाधार विकास मार्फत विकासका सम्भावनालाई फराकिलो पार्नु
- दीगो विकासका सिद्धान्तहरु अवलम्बन गर्दै लक्ष्यहरु हासिल गर्नु
- प्रतिफलमूलक र उत्पादनमुलक कार्यक्रम मार्फत सामाजिक समता कायम गर्नु
- आन्तरिक श्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गर्नु

- सहभागितामूलक विकास मार्फत लाभग्राहीको अपनत्व अभिवृद्धि गर्दै विकासलाई टिकाउ बनाउनु
- समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई सार्थक तुल्याउनु

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड -१९ ले सारा विश्वजगतलाई नै आक्रान्त पारिरहेको यस विशम परिस्थितिमा सीमित स्रोत साधनको अधिकतम परिचालन गरी नगरपालिकाको समग्र विकास गर्न स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित पूर्वाधारहरुको विकास, पर्यटन, सामाजिक विकास,स्वास्थ्य, शिक्षा, फोहरमैला व्यवस्थापन, केरुङ्गे खोलाको तटबन्धन, मानव बन्यजन्तु बिचको असमझदारी न्यूनीकरण, सुशासन सहितको कार्यालय संचालन, विद्युतीय प्रणालीको प्रवर्द्धन लगायतका क्षेत्रहरु आगामि आर्थिक वर्ष ०७८/७९ को बजेटका प्राथमिकता हुनेछन् ।

**अब म आर्थिक वर्ष ०७८/७९ को क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## सामाजिक विकासः

१. अग्रेजी माध्यममा विद्यालय सञ्चालन नगरेमा सामुदायिक विद्यालयमा विद्यार्थीहरु आकर्षित नहुने र अग्रेजी माध्यमले विद्यार्थीको गुणस्तर वृद्धि भएकोले गत बर्ष मात्र १००० भन्दा बढि सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको छ । नेपाली माध्यमका पुस्तकको

रकम नेपाल सरकारले भुक्तानी गरिदिने तर सबै पाठ्यपुस्तक निशुल्क गराउनको लागि नगरपालिकाले नै थप रकम व्यवस्था गर्नुपर्ने भएकोले यस बर्ष देखि नै लागु हुने गरि निशुल्क पाठ्यपुस्तकको उपलब्धताका लागि रु १ करोड १२ लाख बजेटको व्यवस्था गरेको छु ।

२. नगर कोपिला प्रकाशन तथा शिक्षा दिवसका लागि रकम विनियोजन गरेको छु ।

३. स्थानिय क्षेत्रमा रहेको जैविक विविधता, स्थानिय कला भाषा धर्म संस्कृति रितिरिवाज, संस्कार र स्थानिय गतिविधि सहित स्थानिय पाठ्यपुस्तक निर्माणको लागि रकम विनियोजन गरेको छु ।

४. नेपाल सरकारले सामुदायिक विद्यालयमा काम गर्ने सबै बालविकासका स. का.तथा बिद्यालय कर्मचारीको न्यूनतम तलब रु १५०००।– तोकेकोले यसको लागि यस नगरपालिका बाट उक्त शिर्षकमा विद्यालय लेखापाल, बालविकास स.का. तथा विद्यालय कर्मचारीको थप रकम सहित लेखापाललाइ रु १७५००, बालविकास स.का. लाइ १७००० र विद्यालय कर्मचारीलाइ रु १५०००।- न्यूनतम पाउने गरि रु १ करोड ११ लाख रकम विनियोजन गरेको छु ।

५. MIS सेवा केन्द्रको नपुग पारिश्रमीक तथा कार्यक्रम खर्चको लागि रकम विनियोजन गरेको छु ।

६. आधारभुत स्वास्थ्य केन्द्रका कर्मचारीको तलब महंगी भत्ता र पोषाक खर्चको लागि रु १ करोड ३८ लाख ६० हजार रकम विनियोजन गरेको छु ।

७. स्थानिय गरिब, सिमान्तकृत र मानव वनयजन्तु द्धन्द्ध पिडित, मुसहर दलित र अति विपन्न समुदायको समग्र शैक्षिक विकासका लागी मुसहर दलित र अति विपन्न छात्रवृत्ति र मेयर उत्कृष्ट छात्रवृत्ति पुरस्कारका लागि रकम विनियोजन गरेको छु ।

८. नगर क्षेत्र भित्र रहेका यूवाहरुलाई विकासको मुलद्धार तर्फ डोर्याई नगर विकासमा समाहित गराउनका लागि नगरपालिका स्तरिय यूवा सम्मेलनको लागि रकम विनियोजन गरेको छु ।

९. Whole School Development Project मार्फत नतिजाका आधारमा प्रोत्साहन गर्न र परिक्षा तथा शैक्षिक तथ्याङ्क व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु ।

१०. विद्यार्थीहरुको समग्र शैक्षिक विकासका लागि विभिन्न दिवसको कार्यक्रमका लागि रकम विनियोजन गरेको छु ।

११. शैक्षिक क्षेत्रमा समयानुकुल प्रविधिको प्रयोग मार्फत शैक्षिक गुणस्तर एवम सुरक्षा कायम गर्नका लागि कुमारवर्ती, लुम्बिनि र मध्यविन्दु क्याम्पसमा सिसिटिभि क्यामरा र कार्यालय व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु ।

१२. विश्वजगतमा नै यूवाहरु माझ समस्याको रुपमा रहेको लागुऔषध दुर्व्यसनी नियन्त्रण तथा न्यूनिकरण गर्नका लागि रकम विनियोजन गरेको छु ।

१३. नगर क्षेत्र भित्र रहेका विद्यालयमा मन्टेश्वरी, बाल उद्यान, शैक्षिक गुणस्तर व्यवस्थापन र प्राविधिक शिक्षामा सहयोगका लागि रकम विनियोजन गरेको छु ।

१४. नगर क्षेत्र भित्र रहेका गरिब विपन्न समुदायका मानिसहरुको लाइ निशुल्क खानेपानी मिटर जडान गर्न र खानेपानी पाइप व्यवस्थापनका लागि रु १५ लाख रकम विनियोजन गरेको छु ।

१५. स्थानिय स्तरमा रहेका लोपोन्मुख भाषा, धर्म, संस्कृति, रितिरिवाज, संस्कार र सभ्यताको संरक्षण तथा प्रवर्द्धन गरि दिगो

पर्यापर्यटनमा टेवा पुर्याउनका लागि रु १ करोड ५० हजार रकम विनियोजन गरेको छ।

१६. सुरक्षित आप्रवासन कार्यक्रमको निरन्तरताका लागि वजेट विनियोजन गरेको छ।

१७. जेष्ठ नागरिकमैत्री संरचना निर्माण तथा व्यवस्थापनका लागि रकम विनियोजन गरेको छ।

१८. महिलाहरुको हक हित तथा अधिकारको पैरवी एवम सचेतनाको अन्तराष्ट्रिय महिला दिवस तथा अन्य कार्यक्रमका लागि रकम विनियोजन गरेको छ।

१९. हिंसा प्रभावितहरुको लागि आपतकालिन आश्रय स्थल(Safe House) को संचालन तथा व्यवस्थापनका लागि रकम विनियोजन गरेको छ।

२०. अपाङ्ग परिचय पत्रको निरन्तरता र अपाङ्ग भएका व्यक्तीहरुलाइ जिवन उपयोगी सिप विकास तालिम तथा अंपाङ्ग सहायक सामाग्री वितरणका  लागि रकम विनियोजन गरेको छ।

२१. सुचकमा आधारित बालमैत्री कार्यक्रमहरु र बाल क्लबहरु संचालन गर्नका लागि रकम विनियोजन गरेको छ।

२२. नगर क्षेत्र भित्र रहेका आदिवासी जनजाती, दलित समुदाय र महिला लक्षित क्षमता विकास कार्यक्रमका लागि रु १६ लाख रकम विनियोजन गरेको छु ।

२३. समाजमा रहेको जातिय असमझदारीको अन्त्य गर्नका लागि रकम विनियोजन गरेको छु ।

२४. नगर क्षेत्र भित्र रहेका आधारभुत स्वास्थ्य केन्द्रहरु प्रविधिमैत्री बनाउनका लागि रकम विनियोजन गरेको छु ।

२५. महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम सञ्चालनका लागि रकम विनियोजन गरेको छु ।

२६. वंशाणुगत रोग सिकलसेल एनिमिया बारे जनचेतनाका लागि रकम विनियोजित गरेको छु ।

२७. समाज टोल टोलमा स्वास्थ्य सेवामा पँहुचता र प्रभावकारीता ल्याउनका लागि अग्रपङ्क्तीमा खटिएका महिला स्वास्थ्य स्वयम सेवकहरुको सम्मानजनक विदाई, प्रोत्साहन एवम थप हौसला प्रदान गर्नका लागि उत्कृष्ट स्वास्थ्यकर्मी पुरस्कार र उत्कृष्ट महिला स्वास्थ्य स्वंयमसेवक पुरस्कारका लागि रकम विनियोजन गरेको छु ।

२८. महिलाहरुमा देखापर्ने स्तन क्यान्सर तथा पाठेघरको क्यान्सरको चेक जाँचका लागि क्याम्प सञ्चालनार्थ रकम विनियोजन गरेको छु ।

२९. नगर क्षेत्र भित्र रहेका दलित, सिमान्तकृत, अति विपन्न तथा मानव वन्यजन्तु द्धन्द्ध पिडित क्षेत्रमा समग्र स्वास्थ्यमा पहुचता, यौन तथा प्रजनन स्वाथ्य, विभिन्न सरुवा रोगहरु बारे जनचेतनामुलक कार्यक्रम सञ्चालनका लागि रकम विनियोजन गरेको छु ।

३०. विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना रोग र डेङ्गु लगायतका रोगको रोकथाम तथा नियन्त्रणका लागि रकम विनियोजन गरेको छु ।

३१. आमा स्वास्थ्य कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।

३२. स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा सर्जिकल एवम अन्य उपकरण तथा औषधि व्यवस्थापन, आयुर्वेद सेवा केन्द्रमा औषधी व्यवस्थापनका लागि रु २६ लाख रकम विनियोजन गरेको छु ।

३३. एच आई भी संक्रमितलाइ उपचार क्षमता अभिवृद्धिका लागि रकम विनियोजन गरेको छु ।

३४. समग्र स्वास्थ्य क्षेत्रको विकासका लागि रकम विनियोजन गरेको छु ।

३५. स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि रकमको व्यवस्था गरेको छु ।

३६. बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि रकम विनियोजन गरेको छु।

३७. घरमा शुन्य सुत्करी (Zero Home Delivery) घोषणा कार्यक्रमका लागि रकम विनियोजन गरेको छु।

३८. महिला विकास कार्यक्रम सञ्चालनका लागि रकम विनियोजन गरेको छु।

३९. नगरपालिका खेलकुदको प्रवर्द्धन र विकासका लागि रकम विनियोजन गरेको छु । मेयर कप फुटवल र उपमेयर कप भलिवल प्रतियोगिता सञ्चालनका लागि बजेट विनियोजन गरेको छु।

४०. कोभिड १९ बाट मृत्यु भएका प्रत्यके व्यक्तीको घरपरिवारलाइ सहयोग स्वरुप रु ५० हजार उपलब्ध गराउन बजेट विनियोजन गरेको छु ।

## आर्थिक विकासः

४१. पशु खोप, पशु स्वास्थ्य औषधि व्यवस्थापन, पशु उपचार र शाखा व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु।

४२. नगर क्षेत्रमा सामुदायिक कुकुर नियन्त्रण र बन्ध्याकरणका लागि रकम विनियोजन गरेको छु।

४३. नगरको समग्र कृषि क्षेत्रको विकासका लागि ७५ प्रतिशत अनुदानमा कृषि औजार तथा यान्त्रिकरणको वितरणका लागि रकम विनियोजन गरेको छु।

४४. दुग्ध उत्पादक किसानका लागि प्रति लि. दुधमा रु १.२५ नगद अनुदानका लागि बजेट विनियोजन गरेको छु।

४५. कोभिड १९ को असर बाट आर्थिक क्षेत्रमा भएको प्रभावलाई कृषि क्रान्ती मार्फत न्यूनिकरण गरि समग्र कृषि क्षेत्रको विकासका लागि सिपमुलक तालिम, मौसमी तथा बेमौसमी तरकारी खेती तालिम, उन्नत विउ बिजन कार्यक्रम, पशु स्वास्थ्य र बाझोपन निवारण डोर टु डोर शिविर, कृषि तथा पशुपन्क्षि प्रयोगशालाको व्यवस्थापन, उन्नत बंङ्गुरको नश्ल सुधार कार्यक्रम, माछा भुरा अनुदान, साना सिचाई प्रवर्द्धन, माटो परिक्षण र सुधारका कार्यक्रम प्रभावकारी रुपमा अनुगमन गरि सञ्चालन गर्न रकम विनियोजन गरेको छु।

४६. सहकारीहरुको संस्थागत विकास तथा क्षमता अभिवृद्धिका लागि सहकारीको भवन निर्माण, उपकरण सहयोग तथा विभिन्न तालिम सञ्चालन र अनुगमनका लागि बजेट विनियोजन गरेको छु।

४७. कृषि तथा पशुजन्य आकस्मिक रोग नियन्त्रण कोषको लागि रकम विनियोजन गरेको छु।

४८. जैविक विविधताले भरिपूर्ण, पर्यापर्यटनको प्रचुर सम्भावना बोकेको पर्यटकिय नगरको रुपमा विकास तर्फ अग्रसर यस क्षेत्रमा प्याराग्लाइडिङ् , होमस्टे लगायत पर्यापर्यटन प्रवर्द्धनका लागि लागि रकम विनियोजन गरेको छु।

४९. बैदेशिक रोजगार बाट फर्केर आएका यूवाहरुलाई व्यावसायिक कृषि तथा पशु पालन अनुदानका लागि रकम विनियोजन गरेको छु ।

५०. किसान सँग प्राविधिक कार्यक्रम , दुग्ध व्यवसायको बजारिकरण र दररेट एकरुपता कायम गर्नका लागि रकम विनियोजन गरेको छु ।

५१. आर्थिक दिगोपनाको मेरुदण्डको रुपमा रहेको सहकारीको दिगोपनाको लागि एकिकरण प्रोत्साहन र अध्ययन अवलोकन कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

५२. राष्ट्रकै गौरवको रुपमा रहेको राष्ट्रिय थारु सँग्रालयको निर्माणको लागि रकम विनियोजन गरेको छु ।

**५३.** कृषक लाइ प्रोत्साहनका लागि उत्कृष्ट व्यावसायिक कृषक कार्यक्रम सञ्चालन तथा आलु पकेट क्षेत्र कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।

## पूर्वाधार विकासः

५४. मानव र वन्यजन्तु बिचको असमझदारी नियन्त्रण तथा न्यूनिकरण गर्न, मानव क्षती, धनजन क्षती, पशुधन क्षती, बाली क्षती न्यूनीकरण गर्न करिब १९ किलोमिटर पिसिसि सहितको वाल र मेसजाली निर्माण कार्य

सञ्चालनमा भै रहेकोमा यस आ.व मा सम्पन्न हुने गरि रु १ करोड रकम विनियोजन गरेको छु।

५५. केहि वडाकार्यालयहरुको कार्यालय निर्माण सम्पन्न भइसकेको र केहि वडा कार्यालयहरु निर्माणाधिन अवस्थामा रहेको र बाकि निर्माण गर्ने वडा कार्यालय निर्माण गर्न र स्तरोन्नतीको लागि बजेट विनियोजन गरेको छु।

५६. केहि वडा अन्तरगतको आधारभुत स्वास्थ्य कार्यालय निर्माण सम्पन्न भइसकेको र केहि निर्माणाधिन अवस्थामा रहेको र बाकि निर्माणको लागि बजेट विनियोजन गरेको छु।

५७. नगर क्षेत्र भित्र रहेका सबै यूवाहरुलाइ खेलकुद मार्फत अगाडी बढाउनका लागि एक वडा एक खेल मैदानको कार्यक्रम अन्तरगत ६८ लाख रकम विनियोजन गरेको छु।

५८. कावासोती नगरपालिकाको नमूना पर्यटन ग्रिनरी रोड डण्डा देखि अमलटारी होमस्टे सम्मको बाटोलाइ ५० लाख बजेट विनियोजन गरेको छु।

५९. बजार क्षेत्रमा मापदण्ड नपुगेका स-साना बाटोहरुमा मोजाइक टाइल लगाउनका लागि १ करोड १३ लाख रकम विनियोजन गरेको छु।

६०. नगरपालिका क्षेत्र भित्रका बाटोहरुको कालोपत्रेका लागि रु २ करोड ५५ लाख ४६ हजार मात्र रकम विनियोजन गरेको छु।

६१. नगरपालिका क्षेत्र भित्रका बाटो स्तरोन्नती र नालाको लागि रु ४ करोड ६६ लाख रकम विनियोजन गरेको छु ।

६२. नगरपालिकाको सबै क्षेत्रमा तटबन्ध गर्नका लागि १ करोड ६० लाख रकम विनियोजन गरेको छु ।

६३. वडा नं ६ को रङ्गशाला निर्माणका लागि रु १८ लाख रकम विनियोजन गरेको छु ।

## सुशासन तथा सेवा प्रवाह

६४. करको दर तथा दायरा सम्बन्धमा नगरवासीको सामर्थ्य र प्रत्यक्ष हितलाई आत्मसात गरी दायरा विस्तारमा थप जोड दिइनेछ । राजश्व संकलन तथा व्यवस्थापनमा विधुतीय प्रविधीलाई सबै वडामा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । E-Payment जस्ता विद्युतीय माध्यमबाट कर तिर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाइनुका साथै करदाता शिक्षा तथा आन्तरिक नियन्त्रण प्रणाली मार्फत करमैत्री प्रशासनमा जोड दिने कार्यक्रमका बजेट विनियोजन गरेको छु ।

६५. नगरपालिकाका कार्यहरुलाई सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, तेस्रो पक्ष मुल्याङ्कन, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता पारदर्शीताका औजारहरु मार्फत मुल्याङ्कन र सार्वजनिकिकरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६६. नगरपालिकाको लेखा नीति र आन्तरिक नियन्त्रण प्रणाली निर्माणको लागि रकम विनियोजन गरेको छु ।

६७. कावासोती नगरपालिका बाट सञ्चालन गरिएको मुख्य-मुख्य कार्यक्रमहरु, सफल अभ्यास, मुख्य उपलब्धी लगायत समग्र नगरको सूचनाहरु आम नगरबासी माझ प्रभावकारी रुपमा जानकारी गराउनका लागि त्रैमासिक रुपमा कावासोती सन्देश त्रैमासिक पत्रिका प्रकाशनको लागि रकम विनियोजन गरेको छु ।

६८. न्यायिक समितिको कार्य सम्पादनलाई थप चुस्त दुरुस्त बनाउन, न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गर्न र इजलाशको प्रभावकारी व्यवस्थापनका लागि रु १२ लाख बजेट विनियोजन गरेको छु ।

६९. पदाधिकारी तथा कर्मचारीहरुका लागि उत्प्रेरणा तथा क्षमता विकासका कार्यक्रम साथै टोल सुधार समिति र उपभोक्ता समितिका पदाधिकारीहरुलाइ अनुशिक्षण सञ्चालन गर्न रकम विनियोजन गरेको छु ।

७०. पत्रकारिता सम्बन्धि क्षमता विकास तालिम, क्रियाशिल पत्रकारहरुका परिवारका लागि निशुल्क स्वास्थ्य बिमा र मिडिया प्रवर्द्धन कार्यक्रमका लागि रकम विनियोजन गरेको छु ।

७१. नगरपालिकाको नँया भवन, वडा कार्यालय, आधारभुत स्वास्थ्य केन्द्र कार्यालयको लागि फर्निचर व्यवस्थापन गर्न रकम विनियोजन गरेको छु ।

**वन वातावरण र विपद् व्यवस्थापन**

७२. PCR Test पश्चात कोरोना संक्रमित पुष्टि भएका विपन्न परिवारका व्यक्तीहरुलाइ १००० अनुदान सहयोगका लागि रकम विनियोजन गरेको छु।

७३. जैविक विविधताको संरक्षण र पर्यापर्यटनको प्रवन्धनका लागि सामुदायिक बनमा अधुरो मचान निर्माण सम्पन्न गर्नका आवश्यक रकम विनियोजन गरेको छु।

७४. कावासोती वडा नं. १६ मा स्थापना गरिएको फोहोर मैला व्यवस्थापन केन्द्रको स्तरोन्नती गरिनुका साथै उक्त स्थानसम्म पुग्नका लागि पहुँच मार्गको स्तरोन्नती गर्नका लागि रकम विनियोजन गरेको छु।

७५. शुन्य चोरि शिकारी बर्ष कायम गर्नका लागि रकम विनियोजन गरेको छु।

७६. जैविक विविधता वन वन्यजन्तुको दिगो संरक्षण सँग सँगै पर्यापर्यटनको विकास गर्नका लागि वन्यजन्तु बासस्थान व्यवस्थापन, घाँसे मैदान व्यवस्थापन मेसिन खरिद, सिमसार व्यवस्थापन, हरियाली पार्क निर्माण, बाल उद्यान, जटायू रेष्टुरेण्टमा गौशाला व्यवस्थापन र पोखरी ताल व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु।

७७. कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि २ वटा एम्बुलेन्स खरिद गर्न बजेट विनियोजन गरेको छु ।

७८. नगर क्षेत्र भित्रको परिषरमा हरियाली सहित चिनारी बोकेको गैडाको शालिक निर्माण गर्नका लागि रकम विनियोजन गरेको छु ।

७९. हाम्रो पहिचान तथा पर्यटकिय आकर्षणको रुपमा विश्वसम्पदा सूचिमा सुचिकृत चितवन राष्ट्रिय निकुञ्ज हुदै पवित्र रुपमा बगेको नारायणी नदिको संरक्षणका लागि **नारायणी सभ्यता बँचाउ** अभियान कार्यक्रमको सूरुवात सँगै यसको लागि रकम विनियोजन गरेको छु ।

८०. बजार क्षेत्रमा रहेको नेट/इन्टरनेटको तारहरु अव्यवस्थित देखिएकोले सोको व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

१. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

२. आगामि आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ९६ करोड ३४ लाख ३८ हजार रुपैँया विनियोजन गरेको छु । कुल विनियोजन मध्य चालुतर्फ रु. १६ करोड ४९ लाख ९८ हजार (सशर्त बाहेक), पुँजिगत तर्फ २९ करोड ५५ लाख ४० हजार रुपैँया र शसर्त तर्फ ४१ करोड ६४ लाख, मर्मत सम्भार कोष तर्फ १ करोड ६५

लाख, समपूरक कोष तर्फ ६ करोड र समपुरक अनुदान प्रदेश सरकार बाट रु १ करोड रहेको छ ।

३. आगामि आर्थिक वर्षको खर्च व्यहोर्ने श्रोत मध्य आन्तरिक आय तर्फ ९ करोड ७५ लाख ३५ हजार, राजश्व बाँडफाड मार्फत २३ करोड ५७ लाख ४ हजार रुपैँया, अन्तर सरकारी अनुदान तर्फ ६३ करोड १ लाख ९९ हजार व्यहोरिने छ ।

४. आन्तरिक आय संकलन तथा परिचालन सम्बन्धी कार्य व्यापकरुपमा जनप्रतिनिधीहरुको सहभागितामा हुने गरि आन्तरिक आय संकलन बलियो बनाईनेछ ।

५. करको दायरा विस्तारमा जोड दिईनेछ । कर प्रशासनलाई प्रभावकारी बनाँउदै उत्प्रेरणात्मक कर प्रणाली प्रवर्द्धन गरिनेछ । कर सचेतना कार्यक्रमलाई थप व्यापकता दिईनेछ ।

६. संघ तथा प्रदेश कानुन बमोजिम नगरपालिकाद्वारा संकलन गरिने राजश्व सोही कानुन बमोजिम व्यवस्थित रुपमा संकलन गरिनेछ ।

७. कर प्रणाली र कर प्रशासनमा प्रविधीको प्रयोगलाई अधिकरुपमा बढावा दिईनेछ ।

८. बजेट निर्माण कार्यमा मार्गदर्शन गर्नुहुने प्रतिनिधी सभाका माननीय सभासद ज्यूहरु, प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, वडाध्यक्ष, वडासदस्य तथा सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु प्रति सुझाव र सल्लाहको लागि धन्यवाद दिन चाहन्छु । बजेट निर्माण कार्यमा अहोरात्र खटिएर

साथ दिनुहुने राष्ट्रसेवक कर्मचारीहरुप्रति धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

९. अन्तमा नगरपालिकाको समग्र विकासमा निरन्तर टेवा पुर्याईरहनुहुने करदाताहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । कावासोती नगरपालिको समृद्धी मार्फत नगरवासीको खुसीको लागि आर्थिक, भौतिक, नैतिक, सबैखाले सहयोग समन्वय र सहकार्यका लागि संघीय सरकार, प्रदेश सरकार, दातृ निकायहरु, सरकारी तथा गैर सरकारी संघ सँस्थाहरु, बुद्धिजीवि पत्रकार र आम नगरवासीहरुमा हृदयदेखि कृतज्ञता प्रकट गर्न चाहन्छु ।

**धन्यवाद ।**